# चौकुने गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

# गुटु, सुर्खेत

आ.ब. २०८३/०८४ का लागि प्रस्तावित बजेट तथा कार्यक्रम

१० असार २०८३

# आ.ब. २०८३/०८४ को बजेट वक्तव्य

## सभाध्यक्षज्यू , आदरणीय गाउँसभा सदस्यज्यूहरु

आज यस गरिमामय सभामा चौकुने गाउँपालिकाको आ.ब. २०८३।०८४ को बजेट तथा कार्यक्रम पेश गर्दै गर्दा महान सहिदहरुलाई सम्झदै हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहान्छु ।

**"दिगो र तिव्र विकास चौकुनेको रहर, गुणस्तरीय शिक्षा र व्यावसायीक कृषिमा लहर"** मुल नारालाई रणनैतिक विकासको मुलमन्त्र बनाई, नेपालको संबिधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौ पञ्चवर्षिय योजना, दिगो बिकास लक्ष, दिर्घकालिन सोच लक्ष्य तथा उद्देश्य, चौकुने गाउँपालिका नीति तथा कार्यक्रम संग तालमेल हुने गरि चौकुने गाउँपालिको नागरिकको चाहना, आवश्यकता, साधन श्रोतको उपलब्धता र संस्थागत क्षमता समेतलाई मध्यनजर गर्दै आगामी आ.ब. २०८३/०८४ को बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

चालु आ.ब. रु.५९ करोड ८८ लाख ३५ हजार ८ सय ३६ रुपैया आय अनुमान गरिएकोमा हालसम्म रु. ५२ करोड ४४ लाख ६० हजार ६ सय ९० (८७.५८ प्रतिशत) आम्दानी भएको छ । चालुतर्फ रु. ३९ करोड ८७ लाख २८ हजार ८ सय ३८ विनियोजन गरिएकोमा हालसम्म २७ करोड ९७ लाख ५७ हजार २ सय ३२ (७०.१६ प्रतिशत) र पुजीगततर्फ २० करोड १ लाख ७ हजार विनियोजन गरिएकोमा हालसम्म ९ करोड ५१ लाख २५ हजार ५ सय १० (४७.५४ प्रतिशत) गरी जम्मा रु. ३७ करोड ४८ लाख ८२ हजार ७ सय ४२ (६२.६ प्रतिशत) खर्च भएको छ ।

## सभाध्यक्षज्यू, आदरणीय गाउँ सभा सदस्यज्यूहरु,

अब म क्षेत्रगत क्षेत्रगत तथा कार्यक्रमगत रुपमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

१। गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालय ,वडा कार्यालय ,स्वास्थ्य संस्थाको सेवालाई चुस्त दुरुस्त र प्रविधियुक्त बनाउन, सुशासन प्रर्वधन र संस्थागत विकासको कर्मचारी तलब भत्ता, प्रोत्साहन तथा फिल्ड भत्ता, कार्यलय सञ्चालन तथा व्यवस्थापन, कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास, ऐन कानून तर्जुमा, प्रकाशन र प्रशारण लगायत न्यायीक समिति, प्रशासन सञ्चालन र व्यवस्थापनको लागि रु. १० करोड ५ लाख ५० हजार विनियोजन गरेको छु।

२। चौकुने गाउँपालिकाको उत्पादन र उपादकत्व गर्दै नागरिकको आय, आर्जन, रोजगारी, गुणस्तरिय जीवनयापनका लागि कृषिको यान्त्रिकरण, रैथाने बालि संरक्षण र उत्पादनमा प्रबर्दन, संकलन केन्द्र र चिस्यान केन्द्रको स्थापना उत्पादित वस्तुको बजारीकरण कृत्रियम गर्भाधान तथा नश्ल सुधार, कृषि बालि उपचार, पशु उपचार शिविर, उत्पादनमा आधारित प्रोत्साहन, औषधी तथा सहायता सामग्री वितरणका लागि कृषि तर्फ रु ३९ लाख, पशुपंशी विकास तर्फ ३५ लाख, उद्योग, वाणिज्य दर्ता नविकरण,

सहकारी संस्था अनुगमन र नियमन लगायत समग्र आर्थिक विकासका लागि रु.४ लाख ५० हजार विनियोजन जम्मा रु. ७८ लाख ५३ हजार विनियोजन गरेको छु ।

३। मुख्य मन्त्री रोजगार कार्यक्रमलाई पर्यटन ,सिचाई पुर्वाधार निर्माण संग जोड्दै उत्पादन र उपादकत्व अभिवृद्वी गर्ने व्यवस्था मिलाउनुको साथै राष्ट्रिय रोजगार कार्यक्रममा शत प्रतिशत साझैदारीको सुनिश्तिता गरेको छु ।

४। शिक्षा, स्वास्थ्य, प्रजनन् लगायत संविधान प्रदत हक अधिकारको सुनिश्चितता गर्न शिक्षा तर्फ रु. २ करोड २५ लाख, स्वास्थ्य तर्फ रु. २ करोड, धर्म, कला, संस्कृती, अभिभावक बिहिन बालबालिका, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको लागि रु. ३० लाख, सामाजिक सुरक्षा तथा पञ्चिकरण तर्फ रु. १ लाख ५० हजार गरी जम्मा रु. ४ करोड ५६ लाख ५० हजार मात्र विनियोजन गरेको छु ।

५. चौकुने गाउँपालिकामा पुर्वाधारको रणनैतिक र सन्तुलित विकास गर्दै नागरिकको जीवनस्तर सुधार गर्न, आर्थिक क्रियाकलाप वृद्वी गर्न लागि समपुरक साझेदारी, हेभी इक्युपमेन्ट सञ्चालन तथा व्यवस्थापन, सडक पुर्वाधार, खानेपानी, सिचाई, पर्यटन, शिक्षा, स्वास्थ्य, अन्य पुर्वाधार गरी पुर्वाधार तर्फ जम्मा रु.८ करोड १५ लाख विनियोजन गरेको छु ।

६. विपद्जन्य घटनाहरु नागरिकको जिउधनको सुरक्षा गर्न विपद् नक्कसांकन, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, वडा स्तरिय र पालिकास्तरिय विपद् व्यवस्थापन समिति गठन तथा परिचालन, राहत र उद्दार कार्यला लागि वन, वातावरण तथा विपद् तर्फ जम्मा रु. १५ लाख विनियोजन गरेको छु ।

७. अन्तरसम्बन्धित क्षेत्र जनतासंग अध्यक्ष कार्यक्रम अन्तरगत फुसको छाना विस्थापन कार्यक्रमका लागि रु. ३५ लाख, राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी रु. ८ लाख, संघसंस्था साझेदारी तर्फ रु. १५ लाख र अन्तरपालिका साझेदारीको लागि रु. ५ लाख गरी जम्मा रु.६३ लाख विनियोजन गरेको छु ।

८. वडा कार्यालय मार्फत छनौट भई आउने योजनाको लागि ३ करोड ३५ लाख मात्र विनियोजन गरेको छु ।

९. महिला, फरक क्षमता भएका व्यक्तिहरुको नाममा हुने व्यवसायमा ऐनमा तोकिए बमोजिक करछुटको व्यवस्था मिलाएको छु ।

१०. कर्मचारीको सेवा सुविधा सम्बन्धि स्थायी कर्मचारीको हकमा नेपाल सरकारले घोषणा भए बमोजिम तलब भत्ता र प्रोत्साहन उपलब्ध गराउनु साथै र सेवा करार तर्फ कर्मचारीको हकमा १० प्रतिशतले वृद्वी गरिनेछ । महिला स्वास्थ्य स्वयमसेविकाको हकमा गाउँपालिकाले प्रोत्साहन स्वरुप प्रदान गरिदै आएको रकममा मासिक ५०० वृद्वी गरिएको छु ।

११. संघीय सशर्त अनुदान चालु तर्फ रु. २३ करोड ३९ लाख, पुजीगत तर्फ रु. ४३ लाख, विशेष अनुदान तर्फ रु. १ करोड, समपुरक अनुदान तर्फ रु. २ करोड ५२ लाख गरी जम्मा रु. २७ करोड ३४ लाख विनियोजन गरिएको छ ।

१२. प्रदेश सशर्त अनुदान चालु तर्फ रु. २९ लाख १३ हजार, पुजीगत तर्फ रु. ३ करोड ५० लाख, प्रदेश विशेष अनुदान तर्फ रु. १ करोड, समपुरक अनुदान तर्फ रु. ९२ लाख ५० हजार गरी जम्मा रु. ५ करोड ७१ लाख ६३ हजार विनियोजन गरिएको छ ।

१३. कुल चालुतर्फ ४० करोड ८६ लाख ६६ हजार र पुजीगत तर्फ १९ करोड ८७ लाख ५० हजार गरी जम्मा रु ६० करोड ७४ लाख १६ हजार विनियोजन गरेको छु ।

अनुसूची-१, आय अनुमान

| क्र.स. | आय स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार-राजस्व बाँडफाँड | १३७१४६००० | |
| २ | संघीय सरकार-वित्तियसमानिकरण अनुदान | ११०१००००० | |
| ३ | संघीय सरकार-शसर्त अनुदान चालु | २३३९००००० | |
| ४ | संघीय सरकार-शसर्त अनुदान पुँजीगत | ४३००००० | |
| ५ | संघीय सरकार-बिशेष अनुदान | १०००००००० | |
| ६ | संघीय सरकार-समपुरक अनुदान | २५२०००००० | |
| ७ | प्रदेश सरकार-राजस्व बाँडफाँड | २५०००००० | |
| ८ | प्रदेश सरकार-वित्तियसमानिकरण अनुदान | १३७५१००० | |
| ९ | प्रदेश सरकार-शसर्त अनुदान चालु | २९१३००० | |
| १० | प्रदेश सरकार-शसर्त अनुदान पुँजीगत | ३५०००००० | |
| ११ | प्रदेश सरकार-बिशेष अनुदान | १०००००००० | |
| १२ | प्रदेश सरकार-समपुरक अनुदान | ९२५०००० | |
| १३ | स्थानीय राजस्व-नगद | ६०००००० | |
| १४ | आन्तरिक स्रोत | ७३५६००० | |
| | जम्मा | ६०७४१६००० | |

अनुसूची- २ व्यय अनुमान

| क्र.स. | खर्च क्षेत्र | रकम रु. | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सार्वजनिक सेवा व्यवस्थापन तथा सुशासन | १०००००००० | |
| २ | न्यायिक समितितर्फ | ५५०००० | |
| ३ | सामाजिक विकासतर्फ | | |
| | ३.१ शिक्षा, युवा तथा खेलकुद | २२५००००० | |
| | ३.२ स्वास्थ्य तथा सरसफाई | २००००००० | |
| | ३.३ महिला तथा बालबालिका शाखा | ३०००००० | |
| | 3.4 सामाजिक सुरक्षा तथा पञ्जिकरण | १५०००० | |
| ४ | आर्थिक विकासतर्फ | | |
| | ४.१ कृषि विकास शाखा | ३९००००० | |
| | ४.२ पशु विकास शाखा | ३५००००० | |
| | ४.३ सहकारी | १००००० | |
| | ४.४ राजस्व तथा व्यवसाय दर्ता | १५०००० | |
| | ४.५ मेड्पा कार्यक्रम | २०३००० | |
| ५ | भवन तथा पूर्वाधार क्षेत्र | ८१५००००० | |
| ६ | विपद तथा वातावरण व्यवस्थापन | १५००००० | |
| ७ | १० वटा वडा समिति | ३३५००००० | |
| ८ | अन्तरसम्बन्धित क्षेत्र | | |
| | ८.१ फुसको छाना विस्थापन कार्यक्रम | ३५००००० | |
| | ८.२ संघसस्था साझेदारी | १५००००० | |
| | ८.३ रोजगार कार्यक्रम साझेदारी | ८००००० | |
| | ८.४ अन्तर पालिका साझेदारी | ५००००० | |
| ९ | संघीय सशर्त अनुदान | | |
| | ९.१ संघीय सशर्त अनुदान चालु | २३३९००००० | |
| | ९.२ संघीय सशर्त अनुदान पूँजीगत | ४३००००० | |
| १० | संघीय समपुरक अनुदान | २५२००००० | |
| ११ | संघीय विशेष अनुदान | १०००००००० | |

| | | | |
|---|---|---|---|
| १२ | प्रदेश सशर्त अनुदान | | |
| | १२.१ प्रदेश सशर्त अनुदान चालु | २९१३००० | |
| | १२.२ प्रदेश सशर्त अनुदान पूँजीगत | ३५०००००० | |
| १३ | प्रदेश समपुरक अनुदान | ९२५०००० | |
| १४ | प्रदेश विशेष अनुदान | १०००००००० | |
| | जम्मा | ६०७४१६००० | |